बागमती प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

हेटौंडा, नेपाल

## कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०८।०९

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यक्रम अन्तर्गत "कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८२" बमोजिम प्रभावित कृषकहरुबाट तपसिल बमोजिमका कागजातहरु सहित जिल्लास्थित सम्बन्धित कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै, रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

१. अनुसूची-२ अनुसारको सम्बन्धित कृषकको निवेदन,
२. विपत्बाट भएको क्षति यकिन हुने प्रहरीको घटनास्थल मुचुल्का (स्थानीयवासीको रोहवरमा) को सक्कल वा प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रतिलिपि,
४. सम्बन्धित प्राविधिकको क्षति मूल्याङ्कन प्रतिवेदन,
५. प्रभावित कृषक/संस्थाको बैङ्क खाता नम्बर प्रष्ट देखिने चेकको प्रतिलिपि,
६. संस्थाको हकमा दर्ता र पछिल्लो आ.व.को कर चुक्ताको प्रतिलिपि,
७. कृषक/संस्थाको स्थायी लेखा नम्बर (PAN)/ मूल्य अभिवृद्धि कर (VAT) नम्बर,
८. सम्बन्धित स्थानीय तहबाट आवेदकले अन्य निकायबाट राहत नलिएको र बिमा नगरेको तथा क्षति भएको बेहोरा खुल्ने सिफारिस पत्र,
९. क्षति देखिने फोटो/दृष्य/वृत्तचित्र,
१०. बिमा नगरेको र राहत नलिएको स्वघोषणा,
११. क्षति भएको जग्गाको लालपुर्जा वा भाडामा लिई खेती गरिएको भए सम्झौता पत्र,
१२. कृषि उपक्षेत्रको हकमा रोग वा किराको महामारी भए प्राविधिक प्रतिवेदन सहित कृषि विकास कार्यालयको सिफारिस,
१३. पशुपन्छी तथा माछामा लाग्ने जिवाणु/विषाणुजन्य रोग तथा महामारी भएको एकिन हुने प्रयोगशाला रिपोर्ट,
१४. अन्य आवश्यक कागजात।

नोटः कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८२ कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाईट www.molmac.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
हेटौंडा,नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर : २४८

मितिः२०८२/०८/०९

श्री पशु सेवा कार्यालय,
चितवन/मकवानपुर/ललितपुर/काभ्रे/सिन्धुली/नुवाकोट/दोलखा/धादिङ।
श्री पशु सेवा तालिम केन्द्र, लगनखेल, ललितपुर ।
श्री मत्स्य विकास केन्द्र, कुलेखानी र भण्डारा ।
श्री बाख्रा विकास फार्म, चित्लाङ ।

विषयः सूचना प्रकाशन सम्बन्धमा।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडाको च.नं. ३१९, मितिः २०८२/०८/०९ को पत्रमा प्राप्त यसै पत्रमा संलग्न कृषि क्षेत्रमा विपतबाट क्षति पुगेका कृषकलाई राहत वितरण सम्बन्धी सूचना तहाँ कार्यालय /केन्द्र/फार्महरुको वेबसाईट र सूचना पाटीमा प्रकाशन गर्नु/गराउनहुन निर्देशानुसार अनुरोध छ ।

२०८२।०८।०९

नरेन्द्र राई
अधिकृत सातौं
प्रशासन प्रमुख

बोधार्थः श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा, बागमती प्रदेश।

फोन नः ०५७-५२४२५४ / ५२४३१९ ई-मेलःdlfd3p@gmail.com वेब साईटः dolfd.bagamati.gov.np